मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुल्की
लुम्बिनी प्रदेश, नेपाल

कार्यपालिकाको वैठक संख्या:-८७

आज मिति २०८२/०८/२४ गतेका दिन यस मालिका गाउँपालिकाका अध्यक्ष श्री देविराम अर्याल ज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा निम्न प्रस्तावहरुको सम्बन्धमा व्यापक छलफल गरी निर्णयहरु पारित गरियो।

उपस्थिति:-

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री देविराम अर्याल | |
| २. | उपाध्यक्ष | श्री उपेन्द्र अर्याल | |
| ३. | वडा अध्यक्ष | श्री दीपक श्रीस | |
| ४. | वडा अध्यक्ष | श्री विनोद श्रीस | |
| ५. | वडा अध्यक्ष | श्री ज्ञान कुमार वुढा | |
| ६. | वडा अध्यक्ष | श्री नारायण प्रसाद अर्याल | |
| ७. | वडा अध्यक्ष | श्री रेखा कुमार जि.सी. | |
| ८. | वडा अध्यक्ष | श्री दिपक भन्डारी | |
| ९. | वडा अध्यक्ष | श्री हिरा वहादुर कार्की | |
| १०. | वडा अध्यक्ष | श्री सूर्य वहादुर घर्ती क्षेत्री | |
| ११. | कार्यपालिका सदस्य | श्री अन्जु सुनार | |
| १२. | कार्यपालिका सदस्य | श्री तुलविर कामी | |
| १३. | कार्यपालिका सदस्य | श्री दिपा गिरी महतरा | |
| १४. | कार्यपालिका सदस्य | श्री लक्ष्मी खत्री | |
| १५. | कार्यपालिका सदस्य | श्री सकुन्तला पन्थी | |
| १६. | कार्यपालिका सदस्य | श्री कमल सुनार | |
| १७. | सचिव (प्र.प्र.अ.) | श्री विवेक खनाल | |
| १८. | प्रशासकीय अधिकृत | श्री गणेश प्रसाद न्यौपाने | |
| १९. | का.स. | श्री राम प्रसाद अर्याल | |

आमन्त्रित

१. राम कु. के.सि. - आर्थिक प्रशासन शाखा
२. भुम ब. घर्तिमगर - शिक्षा शाखा प्र.
३. बसन्त भट्टराई - योजना संयोजक
४. गोविन्द प्र. अर्याल - स्वास्थ्य शाखा
५. प्रकाश सिं ठकुरी - वैद्य
६. सुरेश अर्याल - MIS operator
७. सुभम ब. गिरि - शिक्षा शाखा

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्गली, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

प्रस्तावहरु:-

१.हिउँदे सभाको वैठक वोलाउने सम्बन्धमा,

२.कृषि मेसिनरी सामग्रीहरु वितरण सम्बन्धमा,

३.लघु उद्यम विकास कार्यक्रम सञ्चालनका लागि वडा छनोट सम्बन्धमा,

४.विद्यालय समायोजन तथा शिक्षक दरवन्दी मिलान समितिको निर्णय अनुमोदन सम्बन्ध,

५.पानी घट्ट सुधार तथा नयाँ निर्माण सम्बन्धमा,

६.योग शिविर सञ्चालन सम्बन्धमा,

७.लेन्थ वर्करको पारिश्रमिक/ज्याला रकम भुक्तानी गर्ने सम्बन्धमा,

८.राष्ट्रिय रोजगार कार्यक्रम सञ्चालनका लागि वडाले थप गर्नु पर्ने वजेट सम्बन्धमा,

९.एकिकृत घुम्ति शिविर सञ्चालनका लागि सेड्युल तयार सम्बन्धमा,

१०. रकमान्तर सम्बन्धमा

११. एम्वुलेन्सहरु सञ्चालन तथा मर्मत सम्बन्धी कार्यविधि,२०८२ तयार गर्ने सम्बन्धमा,

१२. श्रोत सुनिश्चित गरी एसी खरिद गर्ने सम्बन्धमा,

१३. वेरुजु रकम असुल उपर गर्ने सम्बन्धमा,

१४. आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा,

१५. दैनिक ज्यालादारीमा कर्मचारीको नियुक्त गर्ने सम्बन्धमा।

१६.अघिल्लो गाउँ कार्यपालिकाको वैठकका निर्णयहरुको कार्यान्वयन समिक्षा सम्बन्धमा,

१७. श्रोत सुनिश्चित सम्बन्धमा,

१८. कार्तिक महिनाको खर्च सार्वजनिक तथा अनुमोदन सम्बन्धमा,

निर्णयहरु:-

| क्र.सं | प्रस्ताव पेश गर्ने शाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | प्रशासन शाखा | मालिका गाउँपालिकाको आ.ब.२०८२/०८३ को हिउँदे अधिवेशनको वैठक २०८२ माघ ९ गते शुक्रवारका दिन विहान ११.३० बजे वोलाउने निर्णय गरि गाउँसभाका सदस्य ज्यूहरुलाई गाउँसभा वैठक सञ्चालन हुने सम्बन्धमा सूचना सम्प्रेषणका लागि सूचना प्रविधि शाखा प्रमुखलाई निर्देशन दिने निर्णय गरियो। |
| २. | कृषि तथा पशुपंक्षी शाखा | मालिका गाउँपालिका र हेफर प्रोजेन्ट नेपालको लागत सहभागिता/साझेदारीमा सञ्चालित कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास परियोजनाको आ.ब.२०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार खरिद गरिएका तपसिलको विवरणमा उल्लेखित कृषि मेसिनरी सामग्रीहरु वडागत रुपमा संख्या निर्धारण गरी गाउँपालिकाको कार्यालयबाट मिति २०८२/०९/०७ गते सम्बन्धित कृषकहरुलाई |

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

वितरण गर्ने निर्णय गरी सो को व्यवस्थापनका लागि परियोजनाका लेखापाल श्री पुनाराम घिमिरेलाई निर्देशन दिने निर्णय गरियो।

तपसिलः-

| वडा नं./विवरण | मिनिटिलर | कम्बाइन मिल | थ्रेसर | कैफियत |
|---|---|---|---|---|
| १. नेटा | २ | १ | १ | |
| २. दर्लिङ्ग | २ | २ | १ | |
| ३. ह्ाङ्गदी | २ | २ | ० | |
| ४. अर्खावाङ्ग | ६ | ४ | १ | |
| ५. छापहिले | ८ | ३ | १ | |
| ६. अर्जै | ८ | ४ | १ | |
| ७. घमिर | २ | ४ | १ | |
| ८. मरभुङ्ग | १७ | ६ | १ | |

| | | |
|---|---|---|
| ३. | उद्यम विकास कार्यक्रम शाखा | संघीय सरकारको आ.ब.२०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यस मालिको गाउँपालिकाको लागि लघु उद्यम विकास कार्यक्रममा विनियोजित रकमबाट यस गाउँपालिकाको वडा नं.-४ अर्खावाङ्ग र वडा नं.-५ छापहिलेमा कार्यविधिमा उल्लेखित शर्तहरुको अधिनमा रही उक्त कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो। |
| ४. | शिक्षा शाखा | यस गाउँपालिकामा रहेको विद्यालय समायोजन तथा शिक्षक दरवन्दी मिलान समितिको मिति २०८२/०८/२२ गतेका दिन वसेको वैठकले विद्यालय समायोजन तथा दरवन्दी मिलान सम्बन्धमा गरेका निर्णयहरुका सम्बन्धमा छलफल गरी उक्त निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो। |
| ५. | कृषि शाखा | स्थानीय सिप, श्रोत र साधनको समुचित परिचालन गरी रोजगारीको सिर्जना गर्दै दीगो आर्थिक विकास हासिल गर्ने यस गाउँपालिकाको नीति अनुरुप चालु आ.ब.२०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रमको परिधि भित्र रही मालिका गाउँपालिकाको वडा नं.-३ ह्ाङ्गदी र वडा नं.-४ अर्खावाङ्गमा वडा समितिको निर्णयानुसार तोकिएको स्थानमा १/१ वटा पानी घट्ट निर्माण गर्ने निर्णय गरियो। |
| ६. | आयुर्वेद शाखा | यस गाउँपालिकाको आ.ब.२०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार योग शिविर सञ्चालन तथा आयुर्वेद शिक्षा कार्यक्रम सञ्चालनका लागि रु.१,५०,०००/- रकम विनियोजन भएकोमा उक्त विनियोजित रकमबाट मालिका गाउँपालिकाको वडा नं.-२ दर्लिङ्ग र वडा नं.-६ अर्जैमा उक्त कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो। |
| ७. | रोजगार शाखा | यस गाउँपालिकामा पक्की सडक नभएको,भिरालो जमिन भएको र वर्षादको समयमा मध्यम खालको वर्षा हुनासाथ सडक/मो.बा.हरु बिग्रने हुँदा भलहरु तर्काउने, भत्केको स्थानमा तत्काल संरक्षणको व्यवस्था मिलाउने, खाल्टा खुल्टी पुर्ने, पहिरोहरु हटाउने, वर्षादको कारण सडकमा ठूलो क्षति हुन नदिने,स्थानीय तहमा रोजगारी सिर्जना गर्ने र वर्षादको समयमा मेसिनको प्रयोगलाई निरुत्साहित गर्ने उदेश्य अनुरुप लेन्थ वर्कर राखिएको र |

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गुल्मी
नेपाल

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

<table>
<tr><td></td><td></td><td>निजहरुले वडा समितिको नियमित अनुगमनमा रही कामकाज गरेको हुँदा गाउँ कार्यपालिकाको बैठकले तोकेको संख्या र कार्य गर्ने समायवधीमा आधारित भई निजहरुले पाउने पारिश्रमिक / ज्याला वापतको रकम मर्मत संभारकोषमा विनियोजित रकमबाट भुक्तानी दिने निर्णय गरियो।</td></tr>
<tr><td>८.</td><td>रोजगार शाखा</td><td>संघीय सरकारले बजेट मार्फत रोजगार कार्यक्रम सञ्चालन सम्बन्धमा स्पस्ट निर्देशन गरेको तर सोही निर्देशन अनुसार राष्ट्रिय रोजगार कार्यक्रम सञ्चालनका लागि वडाहरुले वडागत सिलिङ्गबाट रकम विनियोजन नगरेको र कुनै वडाले वढी रकम विनियोजन गरेको अवस्था रहेको कारण आ आफ्नो वडागत बजेट सिलिङ्गबाट रोजगार कार्यक्रम सञ्चालनका लागि साझेदारी वापतको आवश्यक रकम हिउँदे सभाबाट रकमान्तर गर्ने गरी तयार गर्ने र अपुग रकमको व्यवस्थापन गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>९.</td><td>प्रशासन शाखा</td><td>यस गाउँपालिकाको आ.व.२०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम तथा नीति अनुसार आम नागरिकको घरदैलोमा गुणस्तर स्वास्थ्य सेवाको उपलब्धता गराउने उदेश्य अनुरुप विभिन्न रोगहरुको निदान, उपचार तथा परामर्श सेवा प्रदान गर्नका लागि वडातहमा शिविर सञ्चालनको लागि रकम विनियोजन भएकोले उक्त एकिकृत शिविर तपसिलका वडाहरुमा रहेका स्वास्थ्य संस्थाहरुमा तपसिलको मितिमा सञ्चालन गर्ने निर्णय गरि सो शिविरमा धेरै भन्दा धेरै नागरिकहरुले लाभ लिन सक्ने वातावरण तयार गर्नको लागि स्वास्थ्य शाखालाई निर्देशन दिने निर्णय गरियो।<br>तपसिलः-
<table>
<tr><td>क्र.सं</td><td>शिविर सञ्चालन गरिने मिति</td><td>स्थान</td><td>क्र.सं.</td><td>शिविर सञ्चालन गरिने मिति</td><td>स्थान</td></tr>
<tr><td>१</td><td>०८२/०८/२९</td><td>मरभुङ्ग</td><td>५</td><td>०८२/०९/०४</td><td>छापहिले</td></tr>
<tr><td>२</td><td>०८२/०९/०१</td><td>घमिर</td><td>६</td><td>०८२/०९/०५</td><td>दर्लिङ्ग</td></tr>
<tr><td>३</td><td>०८०/०९/०२</td><td>अर्जै</td><td>७</td><td>०८२/०९/०६</td><td>ह्वाङ्गदी</td></tr>
<tr><td>४</td><td>०८२/०९/०३</td><td>नेटा</td><td>८</td><td>०८२/०९/०७</td><td>अर्खावाङ्ग</td></tr>
</table></td></tr>
<tr><td>१०.</td><td>आर्थिक प्रशासन शाखा</td><td>आ.ब.२०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार विपद व्यवस्थापन कोषमा विनियोजित वजेट अपुग हुने अवस्था देखिएको हुँदा विपद व्यवस्थापनका लागि आवश्यक पर्ने रकमको व्यवस्थापनका लागि गाउँपालिकाको मर्मत संभार कोषमा विनियोजित रकम मध्येबाट रु.१५लाख रकम रकमान्तर गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>११.</td><td>स्वास्थ्य शाखा</td><td>गाउँपालिका क्षेत्रभित्र रहेका/सञ्चालन हुने एम्वुलेन्सहरुको सञ्चालन,मर्मत संभार, दीगो व्यवस्थापन र एकरुपता कायम गर्नको लागि हालसम्म कार्यविधि नभएको कारण एम्वुलेन्सहरु सञ्चालन तथा व्यवस्थापनमा समस्या भएकोले मालिका गाउँपालिकामा रहेका एम्वुलेन्सहरु सञ्चालन तथा मर्मत सम्बन्धी कार्यविधि,२०८२ तयार गर्नको लागि प्रशासन शाखा प्रमुखलाई जिम्मा दिने र अर्को गाउँ कार्यपालिकाको बैठकबाट अनुमोदन गरी तत्काल कार्यान्वयनमा लैजाने निर्णय गरियो।</td></tr>
</table>

मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अर्खावाङ, गुल्मी लुम्बिनी प्रदेश नेपाल

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| १२. | प्रशासन शाखा | मालिका गाउँपालिकाको प्रशासकिय भवन गुल्मी जिल्लाका स्थानीय तहहरु मध्ये सबै भन्दा उच्च तथा दुर्गममा रहेको, नयाँ सिमेन्टेड भवनको निर्माण भई सेवा सञ्चालन भइरहेको र यहाँ हिउदको समयमा अति चिसो भएको कारण कर्मचारीहरु विरामी पर्ने, कार्य कक्षमा बसेर सेवा प्रवाह गर्न समस्या देखिएको कारण हिउँदे अधिवेशनबाट रकमको व्यवस्थापन/रकमान्तर गरी श्रोत सुनिश्चित गरी हाललाई आवश्यक एसी खरिद गर्ने निर्णय गरियो। |
| १३. | लेखा शाखा | गाउँपालिकाको प्रमुख प्रशासनिक भवन निर्माणको लागि विकोई श्रेष्ठ सुनिल समिर जेभी तम्घास (भ्याट नं.-६१७४७२७२८) गुल्मीले ठेक्का नं.-OMRM-GUL-NCB-27/077/078 मा पेश गरेको दररेट सारभूत रुपमा प्रभावग्राही भई स्वीकृत गरी सम्झौता गरी कार्य सम्पन्न पनि गरेको तर निर्माण व्यवसायीले साइट लिए देखि हस्तान्तरण प्रमाण पत्र जारी गरिने मितिसम्म हुने हानी नोक्सानीको विमा गराउनु पर्ने, विमा पनि गराएको तर जोखिम वहन गर्ने अवधिको भन्दा कम अवधिको बनाएको कारण निजले रु.४५०६४७/९९ भुक्तानी नपाउनु पर्नेमा गाउँपालिकाले भुक्तानी गर्दा भूलवस रु.४५०६४७/९९ रकम भुक्तानी गरेको र सो रकम फिर्ताका लागि आ.ब.२०८१/०८२ को मलेप डोरले आफ्नो प्रारम्भिक प्रतिवेदनमा स्पस्ट रुपमा असुल उपर गर्ने भनि लेखेको कारण गाउँपालिकाले मिति २०८२/८/२४ गतेका दिन च.नं.६८६ को पत्र तयार गरी निर्माण कम्पनीलाई जानकारी गराएको र निजले पत्राचार भएको मितिले ७ दिन उक्त बेरुजु विमा वापतको रकम राजश्व खातामा जम्मा नगरेमा निजको धरौटी वापत कट्टा गरिएको रकमबाट कट्टा गरी उक्त बेरुजु रकम असुल उपर गर्ने निर्णय गरियो। |
| १४. | स्वास्थ्य शाखा | मालिका गाउँपालिका वडा नं.०३ ह्वाङ्गदी निवासी श्री धने कामको पत्नी वर्ष ५४ की दिलमाया वि.क.को लडेर टाउँकोमा गहिरो चोट लागेको, निज उपचारको लागि लुम्बिनी मेडिकल कलेज भैरहवामा रहेको, निजको आर्थिक अवस्था अति नै कमजोर भएको कारण उपचारमा समस्या भएको आर्थिक सहयोगको लागि माग गरेको हुँदा निजलाई रु.४० हजार रकम आर्थिक सहयोग शिर्षकमा विनियोजित रकमबाट भुक्तानी दिने निर्णय गरियो। |
| १५. | प्रशासन शाखा | मालिका गाउँपालिकाको वडा नं.-६ को वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगी श्री शान्ती अधिकारी मिति २०८२/०८/०७ गते देखि प्रसुती विदामा बस्ने भएको हुँदा निजको अनुपस्थितिमा वडा कार्यालयको कामकाजमा समस्या भएकोले ज्यालादारीमा १ जना कर्मचारी नियुक्त गर्ने निर्णय गरियो। |
| १६. | प्रशासन शाखा | गाउँकार्यपालिका बैठकले निर्णय गरेका विषयहरुको कार्यान्वयनका सम्बन्धमा छलफल/समिक्षा गरी अघिल्लो गाउँ कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्था सन्तोषनक रहेको सम्बन्धमा निर्णय गरियो। |
| १७. | सूचना प्रविधि शाखा | नयाँ प्रशासकीय भवनको निर्माण कार्य सम्पन्न पश्चात इन्टरनेटलाई एकद्वार प्रणालीमा लानु पर्ने आवश्यकता देखिएको तर सो शिर्षकमा विनियोजित रकम अपुग भएको कारण |

मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जलजला गुल्मी लुम्बिनी प्रदेश, नेपाल

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | हिउदे अधिवेशन बाट रकमान्तर/श्रोतान्तरण/संशोधन गर्ने गरी श्रोत सुनिश्चित गर्ने निर्णय गरी हाललाई इन्टरनेट एकद्वार प्रणालीको कार्य प्रकृया अगाडी वढाउने सम्बन्धमा निर्णय गरियो। |
| १८. | लेखा शाखा | यस गाउँपालिकाको आ.ब.२०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तरगत २०८२ कार्तिकमा संचालन तथा पूँजिगत शिर्षकमा विनियोजित रकमबाट रु.१,३४,२९,३२४/- रुपैयाँ खर्च भएकोले उक्त खर्च रकम सार्वजनिक गरी अनुमोदन गर्ने निर्णय गरियो। |

अध्यक्ष प्रमुख प्रशासकीय अधिकृत